# किशोरीको सपना

किशोरावस्था भनेको शारीरिक, मनोवैज्ञानिक तथा सामाजिक रूपमा परिपक्व भइनसकेको तर बाल्यावस्थाबाट वयस्क अवस्थामा प्रवेश गर्ने एक महत्त्वपूर्ण अवधि हो। सुरक्षित मातृत्त्व तथा प्रजनन् स्वास्थ अधिकार ऐन, २०७५ अनुसार किशोर-किशोरी भन्नाले दश वर्षदेखि उन्नाइस वर्ष उमेर समूहलाई जनाउँछ। यस अवधिमा हामी किशोरीहरूको शारीरिक तथा मानसिक अवस्था तीव्र गतिमा विकास हुने गर्दछ। यस अवधिमा हामीले नयाँ-नयाँ सीप र क्षमताको विकास गर्ने तथा नयाँ कुराहरू सिक्न र अभ्यास गर्न उत्सुक हुन्छौं। त्यसैगरी आफ्ना कुराहरू सुनिदिने र बुझिदिने व्यक्तिहरू पनि खोजिरहेका हुन्छौं। त्यसैले किशोरावस्थामा विभिन्न परिस्थिति र भोगाइहरूको सामना गर्नुपर्ने हुन्छ।




नेपालमा किशोरीहरूको भोगाइ विषेशगरी सामाजिक, लैङ्गिक भूमिकाले निर्धारण गरेको छ। त्यसैले किशोरीहरू यौनिक, लैङ्गिक, जात, धर्म, वर्ग, भूगोल आदिको पहिचानको आधारमा विभेदित हुनुपरेको छ। विद्यमान हानिकारक, परम्परागत मूल्य-मान्यता र अभ्यासले गर्दा किशोरीहरू शिक्षा, स्वास्थ्य तथा अन्य आधारभूत अधिकारहरूबाट वञ्चित छन्। यिनै विभेदकारी अभ्यासको परिणामस्वरूप उमेर नपुगी आफ्नो इच्छा विपरीत विवाह भइरहेको छ। हाल किशोर-किशोरीहरूले आफ्नै इच्छामा विवाह गरेका केही घटनाहरू देखिए पनि त्यसको कारण लिङ्गको आधारमा हुने पारिवारिक र सामाजिक विभेद हो। कम उमेरमा हुने विवाह र बाल विवाहको दर उच्च रहेका मुलुकहरूमध्ये नेपाल पनि अग्रपंक्तिमा रहेको छ। दक्षिण एशियामा नेपाल बंगलादेश र भारतपछि तेस्रो स्थानमा पर्दछ। बालकको तुलनामा संख्यात्मक रूपमा बढी बालिकाको विवाह १८ वर्ष नपुग्दै हुने गरेको अध्ययनबाट देखिएको छ। यसो हुनुमा विवाहलाई अनिवार्य सामाजिक प्रचलनको रूपमा लिइनु, महिला तथा किशोरीको विवाहपूर्व यौन सम्बन्ध हुनुहुँदैन, भएमा इज्जत जान्छ भन्ने सोच, महिला तथा किशोरीको शरीर र यौनिकतामाथि अरूकै नियन्त्रण, जातीय विभेद र छुवाछुत, लैङ्गिक विभेद आदि रहेको पाइन्छ जसको कारण विद्यमान पितृसत्तात्मक सोच नै हो।








यस परिस्थितिको बाबजुद पनि हामी किशोरीहरूले सपना देख्न छाडेका छैनौं। हामी आफ्नो अधिकारका लागि निरन्तर अघि बढिरहेका छौं र आफ्नो मान्यता र पहिचान स्थापित गर्न समुदायस्तरदेखि नीति-निर्माणको तहसम्म निरन्तर पैरवी गरिरहेका छौं। हामी कालिगड, सामाजिक कार्यकर्ता, डाक्टर, इन्जिनियर, पाइलट, शिक्षक, कृषक, डिजाइनर, नेता, आर्मी, पुलिस, वकिल आदि हुन चाहन्छौं। हामी समुदायको सङ्कुचित दायरा र हानिकारक मान्यताविरूद्ध लड्दै हाम्रो पहिचान स्थापित गर्न चाहन्छौं।

# समानतासहितको अर्को दुनियाँ सम्भव छ ।




महिला, किशोरी तथा यौनिक तथा लैङ्गिक अल्पसंख्यक महिला तथा किशोरीमाथि हुने हिंसाबारे र स्वहेरचाह (Self-care) तथा तनाव व्यवस्थापनका लागि मनोविमर्शकर्ताहरूले तपाईंलाई परामर्श मार्फत सहयोग गर्न सक्नु हुन्छ । साथै कुनै पनि हिंसा भएको खण्डमा सहेर नबसौं, स्थानीय प्रहरी वा आफ्नो पालिकाको न्यायिक समितिमा जानकारी गराऔं । साथै, थप आवश्यक परामर्श र रिफरलका लागि तथा अन्य सम्पर्कका लागि पैसा नलाग्ने नम्बरहरू यसप्रकार रहेका छन् :

**ओरेकको हटलाईन नम्बरहरू : १६६००१७८९१० र १६६०२१५२०००**

**ओरेक बालकुमारी, ललितपुर फोन नं.: ०१ ५१८६०७३**

**नेपाल प्रहरी : १००**

**राष्ट्रिय महिला आयोग : ११४५**

**बाल हेल्प लाइन : १०९८**